THE EDUCATION STATE

EARLY CHILDHOOD

# परिवर्तनको समय: विद्यालयको सकारात्मक सुरुवात

## परिवारको लागि जानकारी पाना

**विद्यालय सुरु गर्नु चुनौति र उत्साहप्रद दुवै हुन सक्छ। यो जानकारी पानाले तपाईंको बच्चाको पूर्व-बाल्यावस्था सेवाले तपाईंको बच्चालाई विद्यालयको लागि सकारात्मक सुरुवात पाउन कसरी सहयोग गर्दछ भन्ने व्याख्या गर्छ।**

तपाईंको बच्चा पहिलेदेखि नै धेरै परिवर्तनको समयहरूबाट गुज्रिसकेको छ, जस्तैः

- एक क्रियाकलाप वा रुटिनबाट अर्कोमा जानु
- प्लेडेट्स वा विदामा जानु
- बच्चा हेरचाह वा किन्डरगार्टेन सुरु गर्नु।

यी अनुभवहरुले तपाईंलाई तपाईंको बच्चाले नयाँ स्थानहरु वा वस्तुहरुमा कसरी प्रतिक्रिया जनाउँछ र कस्तो सहायता तिनीहरुलाई चाहिन्छ भन्ने ज्ञान दिन्छ।

### किन विद्यालयको लागि सकारात्मक सुरुवात महत्वपूर्ण छ?

विद्यालयको लागि सकारात्मक सुरुवातले तपाईंको बच्चालाई निम्न सहयोग गर्दछः

- अझ राम्रो सिकाई र लाभदायी परिणामहरु प्राप्त गर्न
- तिनीहरुको सिकाई र विकासका अवरोधहरु हटाउँन
- सुरक्षित, आत्मविश्वासी र सम्बन्धित महशुस गर्न

### तपाईंको बच्चाको विद्यालयमा भर्ना

धेरै विद्यालयहरुले बालबालिकाले विद्यालय सुरु गर्नु भन्दा पहिले नै बर्षको मे महिनामा भर्ना लिन सुरु गर्छन्। भर्नाले तपाईंलाई विद्यालयको बारेमा जान्ने र परिवर्तनको समयमा विद्यालय क्रियाकलापमा सहभागी हुने धेरै अवसरहरु दिन्छ विद्यार्थीहरु राम्रोसँग घुलमिल हुन्छन् जब यी क्रियाकलापहरु बर्षको अन्त्यमा राम्रोसँग सुरु हुन्छ र विद्यालयको पहिलो केही दिनहरुसम्म निरन्तर रहन्छ।

### विद्यालय कार्यक्रम र क्रियाकलापहरुमा समायोजन

विद्यालय क्रियाकलापहरुमा घुलमिल हुनाले तपाई र तपाईंको बच्चालाई निम्न कुरामा मद्दत गर्दछः

- विद्यालय कस्तो हुनेछ बुझ्न
- अन्य बालबालिका र परिवारहरुसँग साथी बनाउन।

### परिवर्तनको समय सिकाई र विकास कथन

तपाईंको बच्चाको पूर्व-बाल्यावस्था शिक्षकले परिवर्तनको समय सिकाई र विकास कथन लेख्ने छन् (परिवर्तनको समय कथनको रुपमा परिचित)। यो परिवर्तनको समय कथनले तपाईंको बच्चाको विद्यालय र तयारी गर्ने शिक्षकलाई तपाईंको बच्चा र तिनीहरुको सिकाईको बारेमा जान्न र योजना निर्माण गर्न मद्दत गर्दछ। परिवर्तनको समयको कथनले निम्न समावेश गर्नेछः

- तपाईंको बच्चाको नाम, जन्म मिति र फोटो
- तपाईंको नाम र सम्पर्क विवरण
- पूर्व-बाल्यावस्था सेवा र अन्य कुनै पूर्व- बाल्यावस्थाका पेशाकर्मीहरुको नाम र सम्पर्क विवरण जसले तपाईंको बच्चालाई सहयोग गर्दैछन्।
- तपाईंको बच्चाको रुची, सीप र क्षमताको बारेमा जानकारी
- तपाईंको बच्चाको लागि उत्तम शिक्षण रणनीतिहरु।

यदि तपाईंको बच्चा विद्यालय बाहिर घण्टा हेरचाह (OSCH) जान्छन् भने उक्त परिवर्तनको समय कथन OSCH सेवा सँग बाँडिने छ।

तपाईंलाई तपाईंको बच्चाको पुरा गरिएको परिवर्तनको समय कथनको एक प्रति दिइने छ। यसले तपाईंलाई आफ्नो बच्चाको सिकाई बुझ्न, सहयोग गर्न र छलफल गर्न मद्दत गर्दछ।

तपाईंको बच्चाको परिवर्तनको समय कथनले निम्न सहयोग गर्दछः

- तपाईंको बच्चाको रुचीको लागि योजना
- तपाईंको बच्चाको पूर्व- बाल्यावस्था सेवाबाट विद्यालयको लागि सहज समायोजनमा सहयोग गर्दछ

परिवर्तनको समय कथन प्राय शत्र 4 मा लेखिन्छ। तैपनि, यदि तपाईंको बच्चामा कुनै अपाङ्गता वा विकासात्मक ढिलाई छ भने, परिवर्तनको समय कथन पहिले नै, June वा July मा लेख्न सकिन्छ। यसले तपाई र विद्यालयलाई तपाईंको बच्चालाई चाहिने कुनै अतिरिक्त मद्दत योजना सुरु गर्न मद्दत गर्दछ।

VICTORIA State Government | Education and Training

तपाईंले भर्नको लागि परिवर्तनको समय कथनमा खण्ड छ। किनभने तपाईंलाई आफ्नो बच्चाको बारेमा धेरै थाह छ, तपाईंको इनपुट मूल्यवान हुन्छ। यसले तपाईं र तपाईंको बच्चाको लागि विद्यालयको लागि सकारात्मक सुरुवात योजना बनाउन विद्यालयलाई मद्दत गर्नेछ।

यसमा वयस्क वा तपाईंको बच्चाको पूर्व- बाल्यावस्था शिक्षकको मद्दतले तपाईंको बच्चाले भर्ने एउटा खण्ड पनि छ। यसले निम्न समवेश गर्न सक्छः

- चित्र बनाउने
- तपाईंको बच्चा विद्यालयको बारे केमा उत्सुक छ
- विद्यालय सुरु गर्ने बारे तिनीहरुले के सोच्छन्।

## जानकारी कसरी बाँडिन्छ

परिवर्तनको समय कथन Insight Assessment Platform को प्रयोग गरेर अनलाईन बाँडिन्छ र भण्डार गरिन्छ Insight Assessment Platform मा भएको जानकारी अष्ट्रेलियामा सुरक्षित रुपमा भण्डार गरिन्छ।

सबै भिक्टोरियन सरकारी विद्यालयहरु (र केहि क्याथोलिक र स्वतन्त्र विद्यालयहरु) ले प्रत्येक विद्यार्थीको सिकाई र विकास अभिलेख गर्न Insight Assessment Platform को प्रयोग गर्छन्। यदि तपाईंको बच्चाको विद्यालयले Insight Assessment Platform प्रयोग गर्दैन भने, तिनीहरुलाई परिवर्तनको समय कथनको पत्र वा विद्युतिय प्रति दिइने छ।

शिक्षा र तालिमा विभागले कहिलेकाँही बाह्य सेवा प्रदायक प्रयोग गर्छन्। विभागका लागि काम गर्ने सेवा प्रदायकहरुले तथ्यांक सुरक्षा मापदण्डहरुको प्रयोग गर्नु पर्दछ। Insight Assessment Platform ले विभागको **सूचना सुरक्षा नीतिको** पालना गर्दछ www.education.vic.gov.au/Pages/privacypolicy।

विभागले अनुगमन र अनुसन्धानको लागि परिवर्तनको समय कथनको जानकारी प्रयोग गर्न सक्छ। यो जानकारी संख्या र लेखाचित्रमा प्रस्तुत गरिनेछ र बालबालिकाको नाम उल्लेख गरिने **छैन**।

Insight Assessment Platform को बारेमा थप जानकारीका लागि, psts@edumail.vic.gov.au मा विभागमा सम्पर्क गर्नुहोस्।

कहिलेकाँही भिक्टोरियन शिक्षा र हेरचाहका पेशाकर्मीहरुलाई तपाईंको बच्चाको कल्याण र सुरक्षा प्रबर्द्धन गर्नको लागि जानकारी बाँड्नु पर्दछ। तपाईंको पूर्व-बाल्यावस्था शिक्षा सेवाले तपाईंको बच्चा र परिवारको बारेमा जानकारी बाँड्न सक्छ जहाँ यसको हेरचाह कर्तव्य, विभेदरहित, पेशागत स्वास्थ्य र सुरक्षा र बच्चाको कल्याण र सुरक्षा दायित्व पालना गर्न आवश्यक हुन्छ। थप जानकारीको लागि यहाँ जानुहोस् https://www.vic.gov.au/information-sharing-schemes-and-the-maram-framework भेट्नुहोस्।

## थप जानकारीको लागि

कृपया यहाँ जानुहोस् www.education.vic.gov.au/transitiontoschool.

यो कागजात विभिन्न भाषामा www.education.vic.gov.au/transitiontoschool मा उपलब्ध छ।